निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

निर्वाचन आयोग
नेपाल
२०२३

मितिः २०८२/१०/०४
नेपाल संवत् ११४६ पोहेलागा ३० आइतबार

# प्रेस विज्ञप्ति

## (समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची प्रकाशन गरिएको)

संवत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि राजनीतिक दलबाट निर्वाचन आयोगमा पेस भएका उम्मेदवारको बन्दसूची निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा २५ बमोजिम आज सार्वजनिक गरी आयोगको वेबसाइट www.election.gov.np मा प्रकाशन भएको छ। सार्वजनिक भएको विवरणमा ५७ निर्वाचन चिन्हमा ६३ राजनीतिक दलबाट पेस भएका ३२१३ जना उम्मेदवारको बन्दसूची प्रकाशन गरिएको छ।

उक्त बन्दसूचीमा नाम समावेश भएका कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा दावी विरोध गर्न चाहने मतदाताले मिति २०८२/१०/०५ देखि मिति २०८२/१०/१० सम्म बिहान १०:०० बजेदेखि साँझ १६:०० बजेभित्र निर्वाचन आयोग समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई दावी विरोधमा निर्देशिका बमोजिम निर्धारित ढाँचामा उजुरी गर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

(नारायणप्रसाद भट्टराई)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np